CITY OF SALISBURY

# New Resident Handbook

*Welcome to Salisbury*

**NEPALI**

CITY OF
Salisbury

# आकस्मिक र काउनसिलको सम्पर्क जानकारी

## आकस्मिक पर्दाका सम्पर्कहरु

| | |
|---|---|
| आकस्मिक –एम्बुलेन्स, प्रहरी, दमकल | 000 |
| प्रहरी विभाग (आकस्मिक पर्दाको लागि हैन) | 13 14 44 |
| आपतकालिन हेरचाह मद्दत लाईन(Crisis Care Helpline)<br>खाँचो परेका मानिसहरुकोलागि उपलब्ध गराईएको निशुल्क: टेलिफोन सेवा जसबाट जानकी र परामर्श प्रदान गरिनेछ | 13 16 11 |
| लाईफलाईन(Lifeline)<br>खाँचो परेका मानिसहरुकोलागि उपलब्ध गराईएको निशुल्क: टेलिफोन सेवा जसबाट जानकी र परामर्श प्रदान गरिनेछ | 13 11 14 |
| विद्युत आकस्मिक (२४ घण्टनै) | 13 13 66 |
| ग्यास आकस्मिक (२४ घण्टनै) | 1800 808 526 |
| विषालु (विख) जानकारी सेवा | 13 11 26 |
| पानी/ढल आकस्मिक (२४ घण्टनै) | 1300 883 121 |
| **SA** दन्त सेवा (कार्यालय समय बाहिरका आकस्मिक) | 8232 1034 |
| हेलथ डाइरेक्ट अष्ट्रेलिया<br>यदि तपाई बिरामी पर्नु बएको छ र के गर्नेनै थाहा नभएमा | 1800 022 222 |

## काउनसिन सम्पर्कहरु

हामी यहाँहरुलाई हामी संग कुरागर्नको लागि सजिल गर्न चाहान्छौं। हाम्रो कार्यालय समय बिहान ८.३० देखी दिऊँसो ५.०० सम्म सोमबार देखी शुक्रवार, सार्वजनिक विदा बाहेक।

| | |
|---|---|
| ग्रहाक केन्द्र | 8406 8222 |
| TTY (कान कम सुन्नेहरुको लागि) | 8406 8596 |
| कार्यालय समय बाहिरका काउनसिल सेवाहरु | 8406 8222 |

वेभसाईट: www.salisbury.sa.gov.au

ई-मेल: city@salisbury.sa.gov.au

## सेल्सवरीमा स्वागत!

हामी यहाँहरुलाई नयाँ बासिन्दाको रुपमा स्वागत गर्न चाहान्छौ। सेल्सवरी शहर एडिलेड बाट २५ कि.मी. उत्तरी भेगमा पर्दछ। यो १६१ वर्ग कि. मी. गल्फ स्ट्रिट भिन्सेन्ट देखी पारा स्कार्पमेन्ट र माउन्ट लोफ्टि रेञ्जको फेदी सम्म फैलिएको छ। यसले ३२ ग्रामहरु समेटेको छ र लगभग १३०,००० बासिन्दाहरु छन्।

हाम्रो शहर बृहत सुरक्षा, ईलेक्ट्रोनिकस् र टेक्नोलोजी लगायतका उद्योगका लागि प्रख्यात छ, यसको साथसाथै उत्पादन, वितरण संञ्चय भण्डारको लागि पनि प्रख्यात छ। यहाँ आवास गर्ने बासिन्दा र भ्रुम्न आउने पर्यटकहरुकोलागि आनन्द दिलाउने धैरै सुन्दर पार्कहरु, आरक्षणहरु र समसितोषणिय जग्गाहरु छन्। यो शहर ५० भन्दा बढी मनोरञ्जन स्थलहरुको शहर हो जहाँ निर्माण गरिएका मनोरञ्जन गर्ने स्थलहरु र क्लवहरु, किलमेल गर्ने सुबिधाहरु, सामुदायिक केन्द्रहरु, पुस्तकालयहरु, चलचित्र भवनहरु र धैरै राम्रा राम्रा गुणस्तरिय रेष्टुरेन्टहरु र होटलहरु छन्।

काउनसिलले हाम्रा विभिद समुदायकोलागि सेवाहरु र योजनाहरु उपलब्ध गराऊँदछ जसमा बृद्धहरुकोलागि साम्प्रदायिक योजना, भाषा र साक्षरता कक्षाहरु र स्वंयसेवाका अवसरहरु प्रदान गर्दछ। यसको अलवा सेल्सवरीमा पुस्तकालयको सुविधा उपलब्ध छ जहाँ अरविक, चिनिया, ईटालियन, डच, खमेर, जर्मन, पोलिस, ग्रिक, स्पेनिस, हिन्दी र भेतनामी भाषाका सामाग्रीहरु उपलब्ध छन्।

## सामुदायिक केन्द्रहरु

हाम्रो सामुदायिक केन्द्रहरु विभितता र रमणिय स्थानको रुपमा छन् र हरेक केन्द्रहरुले बासिन्दाहरुकालागि भिभिन्न कार्यक्रमहरुको व्यवस्था गिरिदिएको छ। कार्यक्रमहरु केन्द्रै पिच्छे फरक फरक छन् र हरेक त्रैमिसक रुपमा परिवर्तन भै रहन्छ। तर यसमा निम्न कुराहरु संम्मिलित हुन्छन्:

- कम्प्युटिङ्ग र टेक्नोलोजी
- नोकरी खोज्ने सेवाहरु सुझावहरु र बायोडाटा लेख्ने
- भाषा र साक्षरता तालिम
- पाक शिक्षाहरु
- व्यायम कार्यक्रमहरु
- हस्तकला शिप र फुर्सदका समयका कृयाकलापहरु
- खेल्ने समुहहरु
- पारिवारीक टेवा समुहहरु
- स्वास्थ्य जानकारी कक्षाहरु

**अझै बढी जानकारीकोलागि हाम्रो कुनै पनि केन्द्रमा जानुहोला!**

सामुदायि केन्द्रका स्थानहरु

| सामुदायिक केन्द्र | टेलिफोन | स्थान |
|---|---|---|
| बागस्टर रोड सामुदायिक केन्द्र (Bagster Road Community Centre) | 8250 4167 | 17 Bagster Road, Salisbury North |
| बर्टन सामुदायिक केन्द्र (Burton Community Centre) | 8280 8843 | 386 Waterloo Corner Road, Burton |
| मेरेला सामुदायिक केन्द्र (Morella Community Centre) | 8250 7786 | 90 Kings Road, Parafield Gardens |
| दि प्याडलक केन्द्र(The Paddocks Centre) | 8258 8099 | Cnr Bridge and Kesters Roads, Para Hills West |
| पोराका फार्म सामुदायिक केन्द्र (Pooraka Farm Community Centre) | 8262 5544 | 126 Henderson Avenue, Pooraka |
| सेल्सवरी ईस्ट नेवरहुड केन्द्र(Salisbury East Neighbourhood Centre) | 8285 2055 | 28 Smith Road, Salisbury |
| दि माउसन केन्द्र (The Mawson Centre) | 8302 5449 | 2-8 Main Street, Mawson Lakes |
| बाह२५ सेलस्वरी युवा ईन्टरप्राईजेज केन्द्र(१२-२५ वर्ष)(Twelve25 Salisbury Youth Enterprise Centre (12-25 years)) | 8253 9928 | 17-19 Wiltshire Street, Salisbury SA 5108 |
| ज्याक योङ्ग केन्द्र(५० वर्ष माथीका) (Jack Young Centre (Over 50 years)) | 8406 8525 | 1 Orange Avenue, Salisbury SA 5108 |
| पारा हिल्स केन्द्र(५० वर्ष माथीका) (Para Hills Centre (Over 50 years)) | 8395 1520 | Wilkinson Road, Para Hills SA 5096 |

## पुस्तकालय सेवाहरु

सेल्सवरीको पुस्तकालय सम्पूर्ण उमेर र नाकरीकहरुका मानिसहरुकोलागि भेट्ने, पढ्ने, सिक्ने र जानकारी लिने उत्तम स्थल हो। वासिन्दाहरुले किताब, म्युजिक, डिभीडीहरु, खेलौनाहरु र खेलहरु सापटि लिन सक्दछन्। तपाईले निशुल्क: ईन्टरनेट, प्रीन्ट र स्क्यान सेवाहरु लिन सक्नुहुनेछ, वा पुस्तकालयको धैरै मध्ये कुनै एक योजनाहरुमा सहभगि हुन सक्नुहुनेछ जस्तै विद्यालय छुट्टीका बेलाका कार्यक्रमहरु, कथा वाचन र पुस्तक क्लवहरु।

सदस्यता निशुल्क: छ र जसले राज्यका कुनै पनि सार्वजनिक पुस्तकालयबाट सामाग्रीहरु सापटी लिन सक्नुहुनेछ। यातायात वा हिडडुल गर्न सक्ने वासिन्दाहरुकोलागि पुस्तकालयका सामाग्रीहरु घरैमा लगिदिने व्यवस्था पनि निशुल्क: रुपमा गृह पुस्तकालय सेवा अन्तर्गत उपलब्ध छ। थप जानकारीकोलागि 8406 8341 मा फोन गर्नुहोला।

सेल्सवरी पुस्तकालयमा निशुल्क: जस्टिस अफ दि पिस(Justice of the Peace) को सेवा पनि उपलब्ध गराऊँदछ। जस्टिस अफ दि पिस(Justice of the Peace) ले कार्यालयका कागजपत्रहरु प्रमाणित गर्न अधिकार प्राप्त छ। भेट्ने समयको व्यवस्था गरिरहनु पर्ने जरुरी छैन। स्थान र समयको लागि 8406 8319 मा सम्पर्क गर्नुहोला।

हाम्रो website पुस्तकालय सेवाको बारेको जानकारीको लागि बृहत श्रोत हो। तपाईले आऊँदा दिनहरुको योजना र कार्यक्रमहरु, हाम्रो अनलाई क्याटलग, र अन्य धैरै कुराहरु पत्ता लगाउन सक्नुहुनेछ।

### पुस्तकालय को स्थान र खुल्ने समयहरु

| शाखा | खुल्ने समय | टेलिफोन | स्थान |
|---|---|---|---|
| लेन बेअडेल पुस्तकालय(Len Beadell Library) | सोमबार-बुधबार बिहान ९:३०-अपरान्ह ५:३०, बिहिबार बिहान ९:३०-बेलुकी८:००, शनिबार बिहान ९:३०-अपरान्ह ३:३०, आईतबार अपरान्ह १:३०-अपरान्ह ४:३० | 8406 8283 | 55 John Street, Salisbury |
| मावसन लेक पुस्तकालय (Mawson Lakes Library) | सोमबार र बुधबार बिहान ९:३०-अपरान्ह ५:००, मंगलबार र बिहिबार बिहान ९:३०-७:००बेलुकी, शुक्रबार बिहान ९:३०-अपरान्ह ५:००, शनिबार बिहान १०:००- अपरान्ह ४:००- आईतबार अपरान्ह २:००- अपरान्ह ५:०० | 8302 5555 | 2-8 Main Street, Mawson Lakes |
| पारा हिल्स पुस्तकालय (Para Hills Library) | सोमबार-बुधबार बिहान ९:३०-अपरान्ह ५:३०, बिहिबार बिहान ९:३०-बेलुकी७:००, शनिबार बिहान १०:००-अपरान्ह १:००, आईतबार बन्द | 8264 2512 | Wilkinson Road, Para Hills |
| सेल्सवरी वेष्ट पुस्तकालय (Salisbury West Library) | सोमबार-बुधबार बिहान ९:३०-अपरान्ह ५:३०, बिहिबार बिहान ९:३०-बेलुकी८:००, शनिबार बिहान ९:३०-अपरान्ह १२:००, आईतबार बन्द | 8258 2788 | Hollywood Boulevard, Salisbury Downs |
| ईङ्गल फार्म पुस्तकालय (Ingle Farm Library) | सोमबार – बुधबार र शुक्रबार बिहान ९:३०-अपरान्ह ५:३०, बिहिबार बिहान ९:३०-८:००बेलुकी, शनिबार बिहान ९:३०- अपरान्ह ३:३०- आईतबार अपरान्ह १:३०- अपरान्ह ४:३० | 8265 4717 | Beovich Road, Ingle Farm |

## खेलकुद सुविधा

खेलकुद र मनोरञ्जन कृयाकलापहरु सेल्सवरीको दैनिक जीवनको महत्वपूर्ण पक्ष हो। हाम्रा मनोरञ्जनात्मक कृयाकलापका केन्द्रहरु हप्ताको ७ दिननै खुल्दछन्, र तपाईहरुलाई मनोरञ्जन दिलाउने हेतुले बृहत प्रकारका कार्यक्रमहरुको संरचना गरेको छ, रमाईलो गर्नुहोला र केही नयाँ कुराहरु सिक्नुहोला।

हाम्रो योजनाहरुमा बास्केटबल, नेटबल, बाउल, फुटबल(सकर), भित्र खेल्ने क्रिकेट, स्क्वास र राकेटबल, ब्याडमिन्टन, जिमन्यास्टिक, मार्शल आर्ट, रोलस स्केटिंङ्ग, किण्डी जिम, टेवल टेनिस, भलिबल, पौडी र टेनिस छन्।

### फुर्सदका समयमा रमाईलो गर्ने केन्द्रको स्थानहरु

| फुर्सदका समयमा रमाईलो गर्ने केन्द्र | टिलिफोन | स्थान |
|---|---|---|
| पराफल्ड गार्डेन रिक्रियसन सेन्टर(Parafield Gardens Recreation Centre) | 8281 4888 | Cnr Kings & Martins  Road, Parafield Gardens |
| ईङ्गल फार्म रिक्रियसन सेन्टर(Ingle Farm Recreation Centre) | 8263 0411 | Corner Beovich Road & Roopena Street, Ingle Farm |
| सेल्सवरी रिक्रियसन प्रसिन्ट(Salisbury Recreation Precinct) | 8258 1713 | Waterloo Corner Road, Salisbury North |

## पर्कहरु र रिजर्भहरु

सेल्वरी शहरमा बासिन्दाहरु र घुम्न आउनेहरुको लागि घुम्न र आनन्द लिनको लागि धेरै सुन्दर पार्कहरु, रिजर्भहरु, वेटल्याण्ड र खेल्ने मैदानहरु छन्। सेल्सवरीमा १३० भन्दा बढी पार्कहरु र रिजर्भहरु र ५० किलोमिटर भन्दा बढी पैदल हिड्ने बाटोहरु छन्।

लिटिल पारा ट्रायल्स, करुना पार्कको ऊडलिपारी ट्रायल्स र ड्राई क्रिक लिनर पार्कलगायत धेरै रिजर्भ र वेटल्याण्डहरुमा हिड्ने र साईकल मार्ग बनाईदिएको छ। हाम्रा धेरै जसो ठूला पर्कहरु र रिजर्भहरुमा बालबालिका खेल्ने सुरक्षित खेल्ने मैदानहरु बनभोज गर्ने ईलाका र निशुल्क: बार बि क्यू को पनि व्यवस्था छ। हिड्ने र साईकल मार्गहरु धेरै रिजर्भहरुमा बनाईएको छ र कुकुरको दिसा फ्याल्ने ब्यागहरु पर्कमै उपलब्ध गराईएको छ र कुकुरका मालिकहरुले सार्वजनिक स्थलमा उनिहरुको कुकुरले गरेको फोहोरहरु संकलन गरेर सफा राख्नु पर्ने कुरा मनन गर्नुपर्नेछ। कुकुरको पर्कहरु बाहिर धेरै खुल्ला रिजर्भहरु र घाँसे मैदानहरु छन् जहाँ बेलुकी ६:३० देखी बिहान ८:०० बजे सम्म आफ्नि निग्रानिमा कुकुर हरु छाड्न पाउने छन्। तपाईको नजिकको कुकुरहरुलाई खेलाउन पाउने पार्कहरुको नक्शाको लागि यहाँ क्लिक गर्नुहोला।

### मुख्य पर्कहरु

| पार्कको नाम | स्थान |
|---|---|
| ह्यारी बोई रिजर्भ(Harry Bowey Reserve) | Riverside Drive, Salisbury Park |
| कारिसब्रुक पार्क(Carisbrooke Park) | Main North Road, Salisbury Park |
| पिटम्यान पार्क(Pitman Park) | Main entrance of Commercial Road, Salisbury |
| यूनिटी पार्क(Unity Park)<br>*ह्वीलचेयर मा आउनु बालबालिकाहरुकोलागि जाने बाटो भएको खेल्ने मैदान* | South Terrace, Pooraka |
| वाटरशेड वेटल्याण्ड(Watershed Wetlands)<br>*वाटरशेड क्याफे र समारोह केन्द्र* | Salisbury highway, Mawson Lakes |
| शेन्ट किल्डा प्लेग्राउण्ड र मानग्रोभ ट्रायल्स(St Kilda Playground and Mangrove Trail)<br>*क्षेत्रिय सहासिला खेल्ने मैदान र प्राकृतिक पैदल यात्रा* | Mangrove Street, St Kilda |
| प्याडोक रिजर्भ र वेटल्याण(डPaddocks Reserve and Wetlands) | Corner Bridge and Maxwell Roads, Para Hills |
| कुर्ना पार्क(Kaurna Park)<br>*ऐतिहासिक ईण्डिजिनियस उडलिपारि पैदन यात्रा* | Waterloo Corner Road, Burton |

# सेल्सवरीमा फोहोर मैला संकलन

**सेल्सवरी शहरले तपाईको फोहोरमैला बिन सित्तैमा खालि गरिदिने छ। सम्पूर्ण फोहोरमैलाहरु संकलनको लागि चक्का भएको बिनमा राख्नु पर्नेछ।**

त्यहाँ तपाईले बिभिन्न फोहोरहरु फ्याल्नको लागि प्रयोग गर्ने तीन खालका बिनहरु छन्, हरेक बिनहरु फरक फरक फोहोमैलाको लागि हो:

१. पहेलो ढक्न भएको हरियो बिन रिसाईकलिंङको लागि हो जसमा प्लास्टिक बोतल, क्यानहरु, कागज, ग्लास बोतलहरु, कार्टन र कार्डबोर्डहरु पर्दछन्। यी सामानहरु रिसाईकल हुनेछ, जसको मतलव तिनिहरु संकलन गरिनेछ, छानिनेछ र अन्य कुराहरु बनाउनकोलागि पेलिनेछ। यो बिन काउनसिलके हरेक दुई हप्तामा खालि गरिदिनेछ।

२. अलि सानो रातो ढक्कन भएको हरियो बिन साधारण फोरमैला संकलनको लागि हो र काउनसिलले हरेको हप्ता खालि गरिदिनेछ।

३. हरियो ढक्कन भएको बगैंचाका फहोर मैला संकलन गर्ने, घाँस र पातहरु सकंलन गर्नकोलागि हो जुन किन पाईनेछ।यो ठूलो हरियो ढक्कन भएको हरियो बिन हो। यो हरेको दुई हप्तामा पहेलो ढक्कन भएको रिसाईकल बिन संकलन गर्ने हप्ताको अर्को हप्ता गरिनेछ। यो बिनहरु निशुल्क: मा नै खालि गरिदिनेछ भएता पनि दर्ता भने गराउनु पर्नेछ।

## महत्वपूर्ण सूचना

बिनहरु संकलित हुने तपाईको घरको अगाडीको छेवैमा बिहान ७:०० भन्दा अगाडी राखिदिनु पर्नेछ। बिनहरु कर्वसाईडमा खुल्ने ढक्कन बाटो तिन फर्काएर राख्नु पर्नेछ, दुई बिनको बिचमाएक आपसमा सानो खालि ठाऊँ खालि राखिदिनु पर्नेछ।

## विशेष फोहोरमैला संकलन: कडा खालका फहोरहरु

यदि तपाई संग सामानहरु जस्तै फर्निचर, घरयासी सामाग्रीहरु वा ईलेक्ट्रिकल सामानहरु जुन तपाई अब प्रयोग गर्नु हुन्न भने र फ्याल्न चाहानुहुन्छ भने तपाईले दुई तरिकाले फ्याल्न सक्नुहुनेछ:

१. भाउचर प्रणाली – यसले हरेक बासिन्दाहरुलाई काउनसिलको फोहोर मैला फ्याल्ने स्थानमा निशुल्क: फोहोर फ्याल्न दिनेछ, वा बर्षको एक ट्रेलर लोड।

२. तपाईले $१० शुल्क: तिरेर एक महिना अगाडी तपाईकै घरैबाट फहोर संकलन गरिदिने अनुरोध गर्न सक्नुहुनेछ।

घरायासी फोहोरमैला, रिसाईकल, बगैंचाको फोहोर र संकलन समयको बारेमा थप जानकारीकोलागि नर्दन एडिलेड वेष्ट म्यानेजमेन्ट अथोरिटि(Northern Adelaide Waste Management Authority (NAWMA)को टेलिफोन 1800 111 004 मा **निशुल्क:** फोन गर्न सक्नुहुनेछ।

# सेल्सवरीको बसाई

**तपाईले आफ्नो जीवन अझै पूर्ण रुपमा आनन्दमय बनाउनकोलागि यहाँ अझै धेरै कुराहरु थाहा पाउनुपर्ने हुन्छ, तसर्थ तपाईको अध्ययन र खोज्ने सहयोगकोलागि हामीले थुप्रै सम्पर्क नंम्बरहरु उपलब्ध गराएका छौं। तपाईले सामुदायिक डाईरक्टरी(community directory) पनि डाउनलोड गर्न सक्नुहुनेछ।**

## विद्यालयहरु र बालहेरचाह

यहाँ सेल्सवरीमा ४४ सार्वजनिक र निजी विद्यालयहरु र ३० बालबालिका हेर्ने स्थलहरु छन् जहाँ बिभिन्न धार्मिक र फरक फरक शिक्षाको विकल्पहरु उपलब्ध छन्। थप जानकारीकोलागि डिपार्टमेन्स् अफ एजुकेशन एण्ड चिल्ड्रेलस् सर्भिसेज(Department of Education and Children's Services) को निशुल्क: नंम्बर 1800 088 158 मा वा वेभसाईट www.decs.sa.gov.au मा हेर्न सक्नुहुनेछ।

## सार्वजनिक यातायात

सेल्सवरीमा सार्वजनिक यातायात बस र रेल छन् जुन एडिलेड र अन्य क्षेत्रिय केन्द्रहरुमा जोडिएको छ। तप जानकारीको लागि एडिलेड मेट्रो(Adelaide Metro Info)को जानकारी लाईन 8210 1000 वा www.adelaidemetro.com.au वेभसाईटमा हेर्न सक्नुहुनेछ।

## युवा योजनाहरु

सेलसवरीमा युवा व्यक्तीहरु १२ देखी २५ बर्ष सम्मकाहरु र उनिहरुको परिवारकोलागि विभिन्न योजनाहरु छन्। काउनसिल बाहिर त्यहाँ विभिन्न युवा एजेन्सीहरु द्वारा पनि सेवाहरु उपलब्ध गराऊँदछ, थप जानकीकोलागि सेल्सवरी सामुदायिक जानकारी सेवा(Salisbury Community Information Service) लाई 8406 8533 मा सम्पर्क गर्नुहोला।

## सकारात्मक बृद्द सेवाहरु(Positive Ageing Service)

सकारात्मक बृद्ध सेवा (Positive Aging Service) ले सामुदायिक केन्द्रहरुमा ५० बर्ष माथीका उमेरका व्यक्तीहरुलाई प्रदान गरिनेछ, एक अर्का संग भेट्ने, कृयाकलापमा भागलिने र उनिहरुले भोगिरहेका कुनै पनि समस्याहरुको समाधानको टेवा प्रदान गर्ने गर्दछ। यो ज्याक योंङग सेन्टर(Jack Young Centre,) टेलिफोन 8258 7286 र पारा हिल्स सेन्टर(Para Hills Centre)मा टेलिफोन 8395 1520 अवस्थित छ।

## स्वास्थ्य सेवाहरु

त्यहाँ उत्तरी भेगमा दुईवटा सार्वजनिक अस्पताल छ, लिल म्याकचिन हस्पिटल(Lyell McEwin Hospital) र मोडबुरी हस्पिटल(Modbury Hospital) यसको साथसाथै एडिलेड मा रोयल एडिलेड वोमेन्स एण्ड चिल्ड्रेन हस्पिटल(Royal Adelaide and Women's and Children's hospitals) पनि छ। सेल्सवरी प्राथमिक स्वास्थ्य केन्द्र(Salisbury's Primary Health Care Centre) होलिउड बुलाबार्ड, सेल्सवरी डाओन्स(Hollywood Boulevard, Salisbury Downs)को टेलिफोन 8281 7644 मा सम्पर्क गर्न सक्नुहुनेछ।

## रोजगार र तालिम सेवाहरु

रोजगार र तालिम सेवाहरु सेल्सवरीमा अत्यन्तै राम्रो संग प्रतिनिधित्व गरेको छ। खासगरि, काउनसिलले निशुल्क: रोजगारी खोज्ने व्यवस्था, तालिम र स्वंयंमसेवा संरक्षक र कामदार जनशक्ती विकास केन्द्र(Career and Workforce Development Centre) को मार्फत उपलब्ध गराएको छ जुन सेल्सवरीको जोन स्ट्रिट(John Street, Salisbury)मा अवस्थित छ, टेलिफोन 1800 619 933

## नागरिकता

अष्ट्रेलियन नागरिक बन्नकोलागि तपाईले अध्यागम विभाग(Immigration Department)मा सम्पर्क गर्नु हुनेछ, टेलिफोन 13 18 80 सेल्सवरी शहरको नाकरिकता समारोह वर्षको विभिन्न समयहरुमा सम्पन्न गरिन्छ। थप जानकारीको लागि काउनसिलको फोन 8406 8222 मा सम्पर्क गर्नुहोला।

## ध्यान र पुजाका स्थल

सेल्सवरी साम्प्रदायिक रुपमा विभिन्नता भएको समुदाय हो जहाँ धैरै धार्मिक र विचारलाई प्रतिनिधित्व गर्दछ।

यि कुनै पनि सेवाहरुको बारेमा थप जानकीको लगि कृपया सामुदायिक जानकारी डाईरेक्टरी(Community Information Directory) को जानकी सेवालाई 8406 8533 मा फोन गर्नुहोला।

## स्वयंमसेवा

तपाईको स्थानिय समुदायमा स्वयंमसेवा गर्नाले धैरै साथीहरु बनाउन सकिन्छ यो राम्रो तरिका हो, यसको साथ साथै यसले नयाँ दक्षता र आत्मवलको विकाश गर्दछ। सेल्सवरी शहरले स्वंयंमसेवा कार्यक्रमको व्यवस्था गर्दछ, जसले स्थानिय मानिसहरुलाई बिभिन्न अवसर प्रदान गर्दछ जसमा भान्छा देखी सेल्सवरी वेटल्याण्डमा गाईड द्वारा घुमाउने र त्य बिचका हेरक कुराहरु गर्दछ। थप जानकारीको लागि भोलेन्टियर सेर्भिस कोअर्डिनेटर(Volunteer Services Coordinator) लाई 8406 8475 मा फोन गर्नुहोला

City of Salisbury
12 James Street
Salisbury SA 5108
T: 8406 8222
F: 8281 5466
www.salisbury.sa.gov.au